बैठक संख्या ३६ मिति २०७६।०३।३०

आज मिति २०७६।०३ ।३० गतेका दिन दिउसो १.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला गुरुङ | गा.पा. उपाध्यक्ष |
| ३ श्री रमेश सुवेदी | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरुङ | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल

श्री राम प्रसाद सापकोटा

देवघाट गाउँ कार्यपालिका

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

बैठक संख्या ३६

मिति: २०७६।०३।३०

प्रस्तावहरु

१) समीक्षा सम्बन्धमा

२) फोहर मैला, सरसफाईको कामको लागी टेक्टर खरिद सम्बन्धमा

३) भुक्तानी दिन बाँकी रकम , योजना सम्बन्धमा

४) विपद समिति गठन सम्बन्धमा

५) स्रोत व्यक्ती शिवराजलाई काजमा राख्ने सम्बन्धमा

६) एफ एम रेडियो (व्यवस्थापन तथा सञ्चालन ) कार्यविधि, २०७६ सम्बन्धमा

७) कार्यपालिका सदस्यलाई विभाग तोक्ने सम्बन्धमा

८) थप बालविकास केन्द्र संचालन गर्ने सम्बन्धमा

९) देवघाट, १ कोटाका पदम वहादुर गुरुङ्गलाई क्षतिपूर्ति दिने सम्बन्धमा

१०) कालीगंगा मा.वि.लाई रकम भुक्तानी सम्बन्धमा

११) घर भाडा सम्बनधमा

निर्णयहरु

१) यस अघिको वैठकको कार्यान्वयन प्रगतिको समीक्षा गरियो ।

२) दैनिक फोहर मैला, सरसफाईको कामको लागी गाउँ कार्यपालिकाको कार्यालयवाट आ.व. २०७६।७७ मा एक टेक्टर खरिद गर्ने निर्णय गरियो । उक्त टेक्टर खरिद नहुँदा सम्म देवघाट, ५ को दैनिक सरसफाईको लागी आ.व. २०७५।७६ मा काममा लगाईएको एस आर. निर्माण एण्ड सप्लायर्सलाई आ.व. २०७५।७६ को दर रेटमा नै काममा लगाउने निर्णय गरियो

३) आ.व. २०७५।७६ मा सम्पन्न भएका तर विविध कारणले गर्दा यसै आ.व.मा भुक्तानी दिन बाँकी रहेका तपसिलका योजनाहरुको भुक्तानी आ.व. २०७६।७७ को बजेटको भैपरी शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | वडा नं. | आवश्यक रकम |
|---|---|---|---|
| १ | कृषि वजार संकलन केन्द्र निर्माण | ५ | रु २,३३,५४०।०० |
| २. | सार्वजनिक शौचालय | ५ | रु २,६२,९६६।०० |
| ३. | सुन्तला मोटरमार्ग | ३ | रु २,३६,०००।०० |
| ४. | सहभागितात्मक गोष्ठि (कृषि) | ३ | रु ८३००।०० |
| ५. | सुन्तला वगैचा व्यवस्थापन -तालिम) | ३ | रु २०,०००।०० |

अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ६. | जैविक खेति सुन्तला वगैचा | ३ | रु २५,०००।०० |
| ७. | सिंचाड प्रा.स्वा.के. र रा.प्रा. वि काफलडाँडा हिलटेक ट्रयांक खरीद | ४ | रु २४,७००।० |
| ८. | काफलडाँडा गुम्वा निर्माण | ४ | रु २,००,०००।०० |
| ९. | मास्दि खाल्टे मोटरवाटो निर्माण -मर्मत ) | २ | रु १०,००,०००।०० |
| १०. | गलेश्वर आश्रम कल्पवास संरक्षण | ५ | रु ३,००,०००।०० |
| ११. | वसन्तपुर देखी सिंदुरे खोलामा ह्युमपाइम राखेको | ५ | रु १,३१,२५६।०० |
| १२. | ढड्डाघारी देखी गाइघाट सम्म पहिरो सरसफाइ गरेको | ४ | रु १,९६,३८४।०० |
| १३. | विष्णुशैयां टोलविकास संस्था वोरिङ मर्मत | ५ | रु ४,९९,६२।०० |
| १४ | धर्मार्थ अस्पताल पार्क निर्माणको एस आर निर्माण सेवा | ५ | रु २,२६,२७८।०० |
| १५ | ४४ नं कित्ता देखी महिला सहकारी सम्म जाने वाटो । | ५ | रु १,५०,०००।०० |
| १६. | वडा नं. २ खेलकुद समिति | | रु. ५००००।०० |
| १७ | देवघाट ४ काफलडाँडा कोसेली घर निर्माण | ४ | रु ३,१०,०००।०० |
| १८ | कोटा रंगशालामा सार्वजनिक शौचालय | १ | रु २,६८,०००।०० |
| १९) | खाल्टे होम स्टे | २ | रु. १०००००।०० |
| २०) | कोट वैदी होम स्टे | २ | रु. १०००००।०० |
| २१) | करादिप होम स्टे | २ | रु. १०००००।०० |
| २२) | काफलडाँडा होम स्टे | ४ | रु. १०००००।०० |
| २३) | देउपुर होम स्टे | ५ | रु. १०००००।०० |
| २४) | खाल्टे रंगशाला | २ | रु. ४१५३६५।०० |
| २५) | वडा नं. ५, भित्री वाटो मर्मत | ५ | रु. ३९००००।०० |
| २६) | कमला एण्ड सन्स् ट्रेडिङ्ग प्रा.लि. | १ | रु. ९५०००।०० |
| २७) | घण्टाचुली विस्तृत परियोजना प्रतिवेदन | २ र ३ सीमा | रु. ४८५०००।०० |

जम्मा रु. ~~५५०८७२१००~~ ४६८८०५९१

साथै प्राकृतिक श्रोत उत्खननवाट जम्मा भएको राजश्वको गण्डकी प्रदेशलाई दिनु पर्ने रकम अगामी आ.व. २०७६।७७ को भैपरी बजेटवाट भुक्तानी दिने निर्णय गरियो ।

४) देवघाट गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ को दफा ३ अनुसार गाउँपालिका भित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न तपसिल अनुसार एक गाउँपालिका विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क | गाउँपालिका अध्यक्ष | ( संयोजक |
| ख | गाउँपालिका उपाध्यक्ष | (सदस्य |
| ग | प्रमुख प्रशासकिय अधिकृत | (सदस्य |
| घ | वातावरण तथा विपद व्यवस्थापन समितिको अध्यक्ष | (सदस्य |
| ङ | प्रतिनिधी, जिल्ला प्रशासन कार्यालय | (सदस्य |
| च | सामाजिक शाखा प्रमुख | ( सदस्य |
| छ | पुर्वाधार विकास शाखा/ईकाई प्रमुख | (सदस्य |
| ज | ईलाका प्रहरी कार्यालय, देवघाटका प्रमुख वा प्रतिनिधी | (सदस्य |

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

झ नेपाल कम्युनिस्ट पार्टी र नेपालि काँग्रेस गाउँ पार्टी प्रमुख वा प्रतिनिधि १/१ जना (सदस्य

ञ देवघाट सन्देश पत्रिकाका प्रतिनिधि (१ जना) (सदस्य

ट नगर प्रहरी टिम प्रमुख (सदस्य

ठ नेपाल रेडक्रस सोसाईटीका देवघाटका प्रतिनिधी १ जना (सदस्य

ड देवघाट उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि (१जना) (सदस्य)

ढ गैरसरकारी सस्था महासंघकाका स्थानीय प्रतिनिधि (१जना) (सदस्य)

ण विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा/ईकाइ प्रमुख प्रमुख (सदस्य सचिव)

५) यस गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ईकाईमा अर्को व्यवस्था नभए सम्मको लागी हाल काम गरिहेका स्रोत व्यक्ती शिवराज खनाललाई आ.व. २०७६।७७ श्रावण देखि काजमा राख्ने र निजको सट्टामा निजको दरवन्दी रहेको विद्यालयमा सट्टा शिक्षकको लागी तलब यस गाउँपालिकाको कार्यालयवाट पठाउने निर्णय गरियो ।

६) एफ एम रेडियो (व्यवस्थापन तथा सञ्चालन ) कार्यविधि, २०७६ स्विकृत गरियो ।

७) कार्यपालिकाका सदस्यहरुलाई तपसिल अनुसार कार्यविभाजन गरी जिम्मेवारी दिने निर्णय गरियो । साथै जिम्मेवारी अनुसार मासिक प्रगति विवरण गाउँपालिकाका अध्यक्ष समक्ष पेश गर्ने निर्णय गरियो ।

१ चन्द्र प्रकाश वि.क. – पुर्वाधार र शिक्षा क्षेत्र

२ वालकुमारी परियार –दलित उत्थानको क्षेत्र

३ भोगिमाया राना –कृषि तथा पशु क्षेत्र

४ यममाया गुरुङ्ग –स्वास्थ्य तथा महिला वालवालिका क्षेत्र

५ अनिता गुरूङ्ग– खानेपानी तथा पुर्णसरसफाईको क्षेत्र

६ रत्नबहादुर वोटे –अल्प संख्यक र जनजातीको क्षेत्र

८) भौगोलिक कठिनाई तथा आवश्यकताको आधारमा शिक्षा तर्फको सशर्त स्विकृत दरवन्दीका बालविकास केन्द्रको अतिरिक्त आ.व. २०७६।७७ मा तपसिल अनुसारका स्थानमा थप वाल विकास केन्द्र संचालन गर्ने निर्णय गरियो ।

तपसिल

१) देवघाट १, वर्षाखोला

२) देवघाट २, आँमडाडा

३) देवटाट, ५, वगन्दी

९) देवघाट, १ कोटामा स्वास्थ्य चौकी निर्माण गर्ने क्रममा निर्माण स्थलको साँधमा पर्ने पदम वहादुर गुरुङ्गको कृषि वाली र घरमा क्षति पुगेकाले निज पदम वहादुर गुरुङ्गलाई क्षतिपूर्ति स्वरुप रु. १००००। (दश हजार ) मात्र भुक्तानी दिने निर्णय गरियो ।

१०) देवघाट २ को कालिगंगा मा.वि. को दुई तले भवन निर्माणको लागी शिक्षा विकास तथा समन्वय ईकाइ, दमौली र कालिगंगा मा.वि. वीच रु. ३६०००००। ( छत्तिस लाख ) को सम्झौता भई गत आ.व.मा शिक्षा विकास तथा समन्वय ईकाइ, दमौलीले उक्त विद्यालयलाई रु. १८०००००। निकासा दिएको देखिन्छ । पहिलेको ईष्टिमेट रु. ४७२३५३८। भएकोमा हालको

दुर्गा वहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

कामको प्राविधिक मूल्यांकन अनुसार रु. ३६७९०३७०९ भएको देखिन्छ । कालिगंगा मा.वि. को आन्तरिक आम्दानीको श्रोत कमजोर रहेको र जनश्रमदान जुट्न नसक्ने हुँदा उक्त कालिगंगा मा.वि. लाई लागत सहभागिता (contribution ) व्यहोर्न नलगाउने र शिक्षा विकास तथा समन्वय ईकाइ, दमौलीले यस गाउँपालिकालाई पठाएको रु. १८०००००। ( अठार लाख ) कालिगंगा मा.वि.लाई भुक्तानी दिने निर्णय गरियो ।

११) हाल गाउँ कार्यपालिकाको कार्यालयको लागी घर भाडा लिई संचालन भई रहेको १४ वटा कोठाको आषाढ मसान्त सम्मको घर भाडा सम्झौता अनुसार भुक्तानी दिने र आगामी आर्थिक वर्ष २०७६।७७ को लागी सूचना प्रकाशन गरी भाडाको निर्णय नहुँदा सम्मको लागी आश्विन मसान्त सम्म हालकै सम्झौता अनुसारको रकम २०७६ श्रावण महिना देखि थप २ कोठा सहित १६ कोठाको भुक्तानी दिने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३